# विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) ऐन,२०७५

**<u>प्रमाणीकरण मिति</u>**

**२०७५।१२।१३**

**<u>सम्वत् २०७५ सालको ऐन नं. ३३</u>**

**<u>विशेष आर्थिक क्षेत्र ऐन, २०७३ लाई संशोधनगर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>**ः विशेष आर्थिक क्षेत्र ऐन, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) ऐन,२०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>मूल ऐनको दफा ४ मा संशोधन</u>** : विशेष आर्थिक क्षेत्र ऐन, २०७३ (यसपछि "मूल ऐन" भनिएको) को मूल ऐनको दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) बमोजिम पेश भएको प्रस्तावको आधारमा नेपाल सरकारले त्यस्तो स्थानलाई विशेष आर्थिक क्षेत्र तोक्न सक्नेछ।"

३. **<u>मूल ऐनको दफा ५ मा संशोधन</u>**ः (१) मूल ऐनको दफा ५ को,-

(१) उपदफा (१) मा रहेका "गर्न सकिने" भन्ने शब्दहरुको सट्टा "गर्न नसकिने" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) र (३) झिकिएका छन्।

४. **<u>मूल ऐनको दफा ६ मा संशोधनः</u>** मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. **<u>विशेष आर्थिक क्षेत्रको स्थापना र सञ्चालन निजी क्षेत्रबाट गराउन सकिनेः</u>** (१) नेपाल सरकारले प्राधिकरणको सिफारिसमा निजी



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

क्षेत्रबाट विशेष आर्थिक क्षेत्र स्थापना गरी त्यस्तो विशेष आर्थिक क्षेत्रको सञ्चालन, व्यवस्थापन गर्न र पूर्वाधार संरचनाको विकास गर्न निजी क्षेत्रलाई स्वीकृति दिन सक्नेछ।

(२) नेपाल सरकारले दफा ४ को उपदफा (३) बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रको सञ्चालन र व्यवस्थापन वा पूर्वाधार संरचनाको विकास नेपाल सरकार र निजी क्षेत्रको संयुक्त सहभागितामा वा निजी क्षेत्रबाट गर्न वा गराउन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र व्यवस्थापन वा पूर्वाधार संरचनाको विकास सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

**५.** <u>**मूल ऐनको दफा ८ मा संशोधन**</u>ः मूल ऐनको दफा ८ को,-

(१) उपदफा (३) र (४) झिकिएका छन् ।

(२) उपदफा (६) मा रहेको "वा (४)" भन्ने शब्द झिकिएको छ।

**६.** <u>**मूल ऐनको दफा १३ मा संशोधन:**</u> मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः-

"**१३.** <u>**निर्यात गर्नुपर्नेः**</u> (१) अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापना भएका उद्योगबाट उत्पादन गरेको कम्तीमा साठी प्रतिशत वस्तु वा सेवा निर्यात गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग सञ्चालनमा आएको मितिले एक वर्षभित्र त्यस्तो उद्योगबाट उत्पादन गरेको वस्तु वा सेवा नेपालको आन्तरिक बजारमा बिक्री गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम आफूले उत्पादन गरेको कुनै वस्तु वा सेवा नेपालको आन्तरिक बजारमा बिक्री गर्ने भएमा त्यस्तो वस्तु वा सेवा बिक्री गर्नु अगाडि तोकिएका कुराहरु खुलाई सोको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम नेपालको आन्तरिक

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बजारमा वस्तु वा सेवाको बिक्री गर्ने अनुमतिपत्रवालालाई त्यस्तो वस्तु वा सेवा बिक्री गरेको परिमाणको हदसम्म यस ऐन बमोजिमको कर छुट तथा सुविधा प्रदान गरिने छैन।"

७. **<u>मूल ऐनको दफा १६ मा संशोधनः</u>** मूल ऐनको दफा १६ को खण्ड (घ) मा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर दफा ६ को उपदफा (१) बमोजिम नेपाल सरकार र निजी क्षेत्रको सहभागितामा वा निजी क्षेत्रबाट कुनै विशेष आर्थिक क्षेत्रको स्थापना , सञ्चालन र व्यवस्थापन भएमा त्यस्तो विशेष आर्थिक क्षेत्रबाट उद्योगलाई उपलब्ध गराउने जग्गा, भवन, सेवा वा सुविधा बापत लिने लिज वा बहालको रकम, शुल्क वा दस्तुर त्यस्तो विशेष आर्थिक क्षेत्रको स्थापना , सञ्चालन र व्यवस्थापन गर्ने कम्पनीले विशेष आर्थिक क्षेत्रसँग सम्झौता गरी निर्धारण गरे बमोजिम हुनेछ।"

८. **<u>मूल ऐनको दफा १९ मा संशोधनः</u>** मूल ऐनको दफा १९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन्ः-

(क) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(ग) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(घ) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(ङ) सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य

(च) नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष वा सदस्य -सदस्य

(छ) नेपाल उद्योग परिसंघको अध्यक्ष वा सदस्य -सदस्य

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ज) महिला उद्यमी महासंघको अध्यक्ष वा सदस्य -सदस्य

(झ) नेपाल राष्ट्रिय उद्योग व्यवसायी महासंघको अध्यक्ष वा सदस्य -सदस्य

(ञ) संयुक्त ट्रेड यूनियन समन्वय केन्द्रले सिफारिस गरेको एकजना प्रतिनिधि -सदस्य

(ट) कार्यकारी निर्देशक, प्राधिकरण -सदस्य-सचिव"

९. **<u>मूल ऐनको दफा २० मा संशोधनः</u>** मूल ऐनको दफा २० को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको कुनै विज्ञ वा विषयसँग सम्बन्धित अन्य निकायको कुनै पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।"

१०. **<u>मूल ऐनको दफा २७ मा संशोधनः</u>** (१) मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः-

"२७. **<u>आयकरमा छुटः</u>** (१) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगको आयमा लाग्ने आयकर र त्यस्ता उद्योगले वितरण गर्ने लाभांशमा लाग्ने करमा देहाय बमोजिम छुट हुनेछः-

(क) हिमाली जिल्ला र नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले कारोबार शुरु गरेको मितिले दश वर्षसम्म लाग्ने आयकरको शत प्रतिशत र त्यसपछिका आय वर्षमा लाग्ने आयकरको पचास प्रतिशत,

(ख) खण्ड (क) मा उल्लिखित क्षेत्र बाहेकको अन्य क्षेत्रमा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने आयकरको शत प्रतिशत र त्यसपछिका आय वर्षमा लाग्ने आयकरको पचास प्रतिशत,

(ग) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

गरेको लाभांशमा लाग्ने करको कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म शत प्रतिशत र त्यसपछिको तीन वर्षसम्म पचास प्रतिशत,

(घ) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगका विदेशी लगानीकर्ताले विदेशी प्रविधि वा व्यवस्थापन सेवा शुल्क तथा रोयल्टीबाट आर्जन गरेको आयमा लाग्ने आयकरको पचास प्रतिशत।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ को उपदफा (२) बमोजिम विशेष आर्थिक क्षेत्रमा स्थान्तरण भएको उद्योगले यस दफा बमोजिमको आयकर छुट पाउने छैन।"

**११. <u>मूल ऐनको दफा २९ मा संशोधनः</u>** मूल ऐनको दफा २९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले पैठारी गर्ने मालवस्तुमा प्राधिकरणको सिफारिसमा देहाय बमोजिम भन्सार महसुल तथा अन्य सुविधा प्रदान गरिनेछः-

(क) निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा नै बिक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ (प्याकिंग सामग्री समेत) पैठारी गर्दा लाग्ने भन्सार महसुल र अन्य महसुल बापत बैंक जमानत लिई पैठारी गर्न,

(ख) उद्योगलाई आवश्यक पर्ने प्लान्ट, मेशिनरी यन्त्र उपकरण तथा पार्टपूर्जा पैठारी गर्दा लाग्ने महसुल बैंक जमानत लिई पैठारी गर्न,

(ग) खण्ड (ख) बमोजिम पैठारी गरिएका प्लान्ट, मेशिनरी यन्त्र उपकरण तथा पार्टपूर्जा सम्बन्धित उद्योगमा जडान भएको व्यहोरा प्राधिकरणबाट प्रमाणित भई आएमा खण्ड (ख) बमोजिम लिएको बैंक जमानत फुकुवा दिने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(घ) उद्योगले आफ्ना मजदुर तथा कर्मचारी ओसार्नका लागि प्रयोग गर्न पैठारी गर्ने एक थान सवारी साधन र मालवस्तु ढुवानी गर्ने ढुवानी साधनमा एक प्रतिशत भन्सार महसुल लाग्ने।"

**१२. <u>मूल ऐनको दफा ३३ मा संशोधन</u>** मूल ऐनको दफा ३३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग वा लगानीकर्तालाई प्रचलित कानून बमोजिम उद्योगले गर्नुपर्ने देहायका काममा सहयोग तथा सहजीकरण गर्न तथा अन्य आवश्यक सेवा, सुविधा तथा सहुलियत एकै स्थानबाट उपलब्ध गराउने प्रयोजनको लागि सम्बन्धित निकायका एकाईहरु रहने गरी एकद्वार एकाई स्थापना गरिनेछः-

(क) उद्योगको दर्ता तथा उद्योग प्रशासन सम्बन्धी कार्य,

(ख) विदेशी लगानीको स्वीकृति प्रदान गर्ने कार्य,

(ग) कम्पनी दर्ता तथा प्रशासन सम्बन्धी कार्य,

(घ) यस ऐन बमोजिम छुट , सुविधा वा सहुलियत प्रदान गर्ने सम्बन्धी कार्य,

(ङ) आन्तरिक राजस्व विभागसँग समन्वय गरी स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्य,

(च) उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्य,

(छ) भिसा सम्बन्धी कार्य,

(ज) श्रम स्वीकृति सम्बन्धी कार्य,

(झ) यो ऐन तथा वा यस ऐन अन्तरगत बनेको नियमावली बमोजिम प्राप्त हुने अन्य सेवा तथा सुविधा सम्बन्धी कार्य।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

"(२) उपदफा (१) मा उल्लिखित सुविधा बाहेक विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई उपलब्ध हुने अन्य छुट , सुविधा वा सहुलियत नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।"

**१३.** **<u>मूल ऐनको दफा ३९ मा संशोधनः</u>** मूल ऐनको दफा ३९ को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छः-

"(२) उद्योगमा काम गर्ने विदेशी कामदार वा कर्मचारीले आफ्नो खुद पारिश्रमिकको सत्तरी प्रतिशतसम्म रकम परिवर्त्य विदेशी मुद्रामा नेपाल बाहिर लैजान पाउनेछ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि "खुद पारिश्रमिक" भन्नाले प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर रकम बुझाए पछि बाँकी हुन आउने रकम सम्झनु पर्छ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय